# जनकपुरधाम उपमहानगरपालिकाको नगर सभामा

## नगर प्रमुख श्री लाल किशोर साहद्वारा प्रस्तुत

## बार्षिक नीति तथा कार्यक्रम

### आर्थिक वर्ष २०७७/०७८



# जनकपुरधाम उप-महानगरपालिका

## जनकपुरधाम, धनुषा

### १० अषार २०७७

### मंगलवार

# आ.व.२०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम

## यस गरिमामय नगर सभाका आदरणीय सदस्यज्युहरु,

(१) विश्वभर फैलिएको कोरोना भाईरस (Covid-19) संक्रमणको परिस्थितिमा आज यस जनकपुरधाम उप-महानगरपालिकाको पाँचौ नगर सभाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु परेको छ ।

(२) नेपालमा पटक पटक भएका प्रजातान्त्रिक आन्दोलन तथा २०६३ साल देखी २०७२ सालसम्म भएका मधेश आन्दोलनको मर्मलाई हृदयंगम गरी तराई मधेशका आन्दोलन लाई उठान गरी विभेद रहित र सर्वस्वीर्काय संविधान बनाउने अभियानमा शहादत दिनु भएका वीर शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पन गदर्छु । लोकतन्त्र स्थापना हेतु विभिन्न काल खण्डमा प्राण आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली व्यक्त गर्दछु । विरगति प्राप्त गर्ने शहीद परिवारजन एवं आन्दोलनहरुमा घाईते भई अंग भंग हुनु भएका योद्धाहरु प्रति उच्च सम्मान समेत व्यक्त गर्दछौ ।

(३) मधेश आन्दोलन लगायतका अन्य आन्दोलनको सफलताले स्थापित गरेको संघीय राज्यप्रणालीको हामी प्रारम्भिक चरणको अभ्यासमै छौ । नेपालको संविधानले प्रत्याभूत गरेको स्थानीय तहको पुर्ण अधिकार हामीले प्राप्त नगरिसकेको अवस्था छ । केन्द्रीकृत राज्यप्रणालीको मानसिकता अझै विद्यवान रहेको कारणले संघीय सरकारले पुर्ण रुपमा प्रदेश सरकार र स्थानीय सरकारलाई राज्यको शक्ति, अधिकार, श्रोत, साधन एवं जनशक्ति समेत पठाउन अनाकानी गरीरहेको सर्वविदितै छ ।

(४) कोरोना भाईरस (Covid-19) को महामारीबाट विश्वभरीका लाखौ मानिसहरुले ज्यान गुमाएका छन । लाखौ मान्छेहरु अस्पतालमा छटपटाईरहेका छन् लाखौ मानिसहरु आइसोलेट भएकाछन्, लाखौ मान्छेहरु कोरेन्टाईनमा वसेका छन् भन्ने विश्वका मान्छे स्वस्फुर्त सामाजिक दुरी कायम गरेका छन् भन्ने् विश्व बन्दा बन्दीको अवस्थामा रहेको छ । यस विपद्बाट ज्यान गुमाउनु भएका स्वदेशी तथा विदेशी नागरीकहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै शोक सन्तप्त  परिवारजनप्रति हार्दिक सम्वेदना प्रकट गर्न चाहन्छु । विश्वभर यस महामारीबाट संक्रमित भएका मानिसहरुको शीघ्र स्वास्थलाभको कामना गर्दछु ।

(५) यस विपद् घडीमा आफ्नो ज्यान तथा घर परिवारको प्रवाह नगरी मानविय सेवालाई धर्म मानी सेवामा समर्पित नेपाल प्रहरी, ससस्त्र प्रहरी, चिकित्सक, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, सर-सफाईकर्मी, एम्वुलेन्स चालक, राष्ट्रसेवक एवं समाजिक संघ संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

(६) यस जनकपुरधाम उपमहानगरपालिका का राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी, सर-सफाईकर्मी, पदाधिकारी तथा यस नगरक्षेत्रका सञ्चारकर्मी, संघ संस्था, प्रहरी समेतले यस विपद्को घडीमा आफ्नो ज्यान जोखिममा राखी सेवा गर्नु भएकोले जनकपुरधाम उपमहानगरपालिका को तर्फबाट धन्यवाद दिन चाहन्छु ।

(७) जनकपुरधाम उपमहानगरपालिकाको निति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक निति, प्रदेश सरकारको आर्थिक निति, नेपाल सरकारको आवधिक योजना तथा दिर्घकालीन क्षेत्रगत नितिहरु, सहश्राव्दी विकास लक्ष्य र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तरार्ष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धताहरु, कोभिड १९ ले पारेका प्रभाव न्युनीकरण, जनकपुरधाम उपमहानगरपालिका को विभिन्न योजनाहरु, मध्यकालीन खर्च संरचना, चालु अर्थिक वर्षमा ल्याएको नीति तथा कार्यक्रम र योजनाहरुको कार्यान्वयन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत स्थानिय सरकारको प्राथमिक्ता तय गर्दै सो हासिल गर्न अग्रसर रहेको छ ।

(८) जनकपुरधाम उप-महानगरपालिका एउटा ऐतिहासिक पावन भूमि रहेकोमा यस नगरलाई देशकै समृद्ध तथा नमूना नगर बनाउने हाम्रो योजनाहरुमा हामी उप-महानगरपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरु इमान्दारीकासाथ प्रयास गरिरहेका छौ र यहाँहरु पनी यस महाअभियानमा सक्रिय सहयोग गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै पुनः सक्रिय सहयोगको अपेक्षा राखेकोछु ।

(९) जनकपुरधाम ऐतिहाँसिक, धार्मिक, पुरातात्विक एवं सांस्कृतिक रुपमा धनी मात्र होइन राजर्षि जनक विश्वविद्यालय तथा नेपाल रेल्वे लगायतको पर्याप्त सामाजिक र भौतिक पूर्वाधारले सम्पन भएको जनकपुरधाम वासीको माहानगर बनाउने चाहनालाई आत्मसात् गरी महानगरमा रुपान्तरण गर्ने हाम्रो प्रयास निरन्तर जारी छ तथा जारी रहने छ । यसमा संघीय सरकार र प्रदेश नं.२ का प्रदेश सरकारको पूर्ण रुपमा रचनात्मक सहयोग पाउने नै छु भनी मैले अपेक्षा गरेको छु ।

(१०) स्थानिय सरकारलाई नेपालको संविधान तथा सम्वद्ध कानूनले दिएको व्यवस्थापकिय, न्यायिक र कार्यपालिकाको अभ्यासमा लैजान त्यति सहज छैन । आम नागरीकको अपेक्षा स्थानिय सरकारसँग बढेका छन र उत्साह पनि सिर्जना भएको छ जसको लागी जनकपुरधाम उपमहानगरपालिका पूर्णरुपले लागी परेको छ। नेपालको संविधान तथा अन्य कानूनले दिएका अधिकारहरुको अभ्यास अझै ठोस रुपमा प्रयोग गर्न विशेष जोड दिईने छ ।

(११) कोभिड-१९ का कारण स्थानिय तहलाई दिएको अधिकार र आम नागरिकको माँग तथा अपेक्षाहरुको पूर्णरुपले प्रत्याभुत गराउन सकिएको छैन । मौजुदा भौतिक, मानविय तथा आर्थिक श्रोतबाट सम्भव नभएको कुरा यँहाहरुलाई सर्वविदितै छ । यस्ता महामारीहरुसँग लडन योजनाबद्ध तरिकाले आन्तरिक श्रोतको बृद्धी गर्न सकिने आधार पनी तत्काललाई सम्भव नभएको कुरा यहाँहरुलाई सर्वविदितै छ । मौजुदा मानवीय तथा आर्थिक श्रोतबाट हरसम्भव कोभिड-१९ सँग लडन जनकपुरधाम उपमहानगरपालिका तयार रहेको यहाँहरुलाई जानकारी गराउन चाहन्छु । साथै सम्पूर्ण नगरवासीले यस विपद्को घडीमा सहयोग गर्नु हुनेछ पूर्ण आशा तथा भरोसा राखेको छु ।

(१२) जनकपुरधाम उपमहानगरपालिकाको गरिमामय इतिहास, माता सिताको जन्मभुभि हिन्दुहरुको पवित्र धार्मिक स्थल एवं पर्यटकहरुको लागी आकर्सक गन्तव्य स्थल, नेपालको विभिन्न प्रजातान्त्रिक आन्दोलनमा खेलेको महत्वपूण भुमिका तथा प्रदेश नं.२ को बिच भागमा स्थित पर्याप्त भौतिक पुर्वाधार र सम्भावना भएको क्षेत्र जनकपुरधामलाई प्रदेश

नं.२ को स्थायी राजधानी बनाउन यस अघिका निती तथा कार्यक्रमहरुमा समावेश भएको प्रस्तुत विषयका लागी संधै झै सम्वद्ध सवै पक्षलाई आग्रह गर्न चाहन्छु ।

(१३) यस नगरका आगामी आर्थिक वर्षका विषयगत, क्षेत्रगत गुरुयोजनाहरुको कार्यान्वयन, कोभिड-१९ नियन्त्रण तथा विपद् व्यवस्थापन, गरिवी न्युनिकरण, सरसफाई तथा फोहरमैला व्यवस्थापन, हरियाली पर्वर्द्धन, वातावरण संरक्षण र पर्यटन पूर्वाधारको विकास तथा महिला तथा बालबालिकाको सशक्तिकरण जस्ता योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकतामा राख्ने नीति अनुसार कार्यक्रमहरु समावेश गरिएका छन ।

## कोभिड-१९ नियन्त्रण तथा सरसफाई

(१४) कोभिड-१९ का कारण विश्व समुदाय बन्दाबन्दिको अवस्थामा रहेकोमा नेपाल पनी बन्दाबन्दीको अवस्थामा रही जनकपुरधाम उपमहानगरपालिका का नागरिकहरुले बन्दा बन्दीको पूर्णरुपमा पालना गर्न नगरवासीलाई अनुरोध गर्न चाहन्छु तथा समाजिक दुरीलाई पालन गर्न समेत अनुरोध गर्दछु ।

(१५) कोभिड-१९ को संक्रमणमा परेका हाम्रो नगर वासीहरुको लागी प्रत्येक वडामा कोरेनटाईन (Qurantine) सञ्चालन गरिने छ । सञ्चालनमा रहेका कोरेन्टाईनहरुलाई अझै स्तरोन्नती गरिने छ ।

(१६) जनकपुरधाम उपमहानगरपालिकाभित्र सञ्चालनमा रहेको स्वास्थ्यचौकीहरुको स्तर उन्नती गरिनेछ तथा प्रत्येक वडामा थप वडा स्वास्थ्यचौकीहरु निर्माण गरिनेछ ।

(१७) आयुर्वेदिक चिकित्सालाई पूर्ण प्रयोगमा ल्याउन जनकपुरधाम उपमहानगरपालिकाको वडा नं.२१ मा रहेको आयुर्वेदिक औषधालयलाई स्तरोन्नती गरी सबल रुपमा सेवा सञ्चालन गरिनेछ ।

(१८) आयुर्वेदिक औषधि र आयुर्वेदिक चिकित्सा पद्धतिको उपचारलाई प्राथमिकतामा राखिने छ ।

(१९) यस जनकपुरधाम उपमहानगरपालिका भित्र रहेको स्वास्थ्यचौकीहरुको लागी आवश्यकता अनुसार औषधि र स्वास्थ्य सामाग्रीहरु खरिद गरिने छ ।

(२०) यस जनकपुरधाम उपमहानगरपालिका भित्र रहेका स्वास्थ्यकर्मी, सरसफाईकर्मी र कोभिड-१९ न्यूनिकरणका लागी खटिने पदाधिकारी र अन्य कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षा सम्वन्धी उपकरण प्रदान गरिने छ ।

(२१) कोभिड-१९ का कारण जनकपुरधाम उपमहानगरपालिका भित्रका नागरिकहरुले रोजगारी गुमाउनेहरुलाई रोजगारीजन्य क्रियाकलाप बढाउन र निजहरुको आर्थिक अवस्था सुदृढ गर्न आवश्यक कार्यक्रमहरु लागु गरिने छ ।

(२२) यस जनकपुरधाम उपमहानगरपालिका बाट प्रदान हुने नियमित खोप सेवा, नियमित स्वास्थ्य परिक्षण र उपचार सेवालाई रोकि नदिन सजगता अपनाई प्रभावकारी उपायहरु अवलम्वन गरिने छ । जनकपुरधाम उपमहानगरपालिकामा कोभिड-१९ बाट प्रभावीत आम नागरिक र खास गरी बालबालिका, महिला, किसोरीहरु, बृद्धबृद्धा तथा अन्य जोखिममा रहेका व्यक्तिहरुका लागी मनो समाजीक परामर्श सेवा (Psycho-Social-

counselling) कार्यक्रम प्रदेश सरकार तथा संघ सरकारको समन्वय एवं सहकार्यमा सञ्चालन गरिने छ ।

(२३) जनकपुरधाम उपमहानगरपालिकाको नागरिकहरुको लागी रोग प्रतिरोधात्मक क्षमता विकास गर्न व्यक्तिगत सरसफाई, समाजिक दुरी, पोषणयुक्त खाना, योगा, आयुर्वेर्दिक जस्ता वैकल्पिक उपचार विधिहरुको प्रयोग गरी नागरिकहरुको रोग प्रतिरोधात्मक क्षमता विकास गर्ने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(२४) जनकपुरधाम उपमहानगरपालिका भित्र कोभिड-१९ का कारण जनजिवनमा प्रभाव पारेका न्युन आय भएको व्यक्तिहरुको लागी राहतको विशेष योजनाहरु सञ्चालन गरिने छ ।

(२५) जनकपुरधाम उपमहानगरपालिका भित्र रहेका विभिन्न सरकारी कार्यालयहरु, संस्थागत विद्यालय, सामुदायिक विद्यालय तथा नगर क्षेत्रभित्र द्रुत गतीमा सिटि सेनेटाईजेस्न कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिने छ । नमस्ते सरसफाई अभियानलाई अगाडी बढाईनेछ ।

(२६) जनकपुरधाम उपमहानगरपालिका भित्र प्रवेश गरिने नाकाहरुमा बाहिरबाट आएका आगन्तुहरुलाई ज्वरो मापन यन्त्रद्वारा ज्वरो मापन गरी नगर क्षेत्र भित्र प्रवेश गराइने छ ।

## <u>सार्वजनिक सांस्कृतिक धरोहरको संरक्षण, बिकास, सम्वर्द्धन र पर्यटन प्रर्वधन</u>

(२७) उप-महानगरपालिका क्षेत्रका प्रचुर धार्मिक एवं पर्यटकिय सम्भावना बोकेका धरोहरुहरु जानकी मन्दिर, राम मन्दिर, जनक मन्दिर, मणिमण्डप, कुटी तथा पवित्र सरोवरहरु गंगा सागर, धनुष सागर जस्ता दर्जनौ पवित्र स्थलहरुको संरक्षण, संवर्द्धन र सौन्दर्यीकरण गरी पर्यटन क्षेत्रको प्रवर्धन गरिनेछ ।

(२८) जनकपुरधाम नगरको परिक्रमा सडक भित्र तथा एयरपोर्ट देखि रेलवे स्टेसन सम्म अति आधुनिक विजुलीवत्ती जडान गरिने छ तथा जानकी मन्दिर वरपर आर्कषक विजुलीवत्ती जडान गरिने छ ।

(२९) नगर भित्रका सार्वजनिक सम्पतीहरुको संरक्षण गर्ने तथा उल्लेखित सम्पतीको व्यवस्थापनमा प्रभावकारी कार्यक्रम सन्चालन गरिनेछ । कृषि उत्पादनयुक्त भु-भागहरु, उत्पादनको लागि बजारहरु र सोसंगको निकटतासाथै उद्योग तथा कलकारखानको विकास गरी रोजगारी प्रवर्द्धन गरिनेछ ।

(३०) परिक्रमा सडक भित्र सुर्तिजन्य पदार्थ (पान पराग, गुटखा, चुरोट, खैनी तथा सुर्ति मिसाई बनाइएका अन्य पदार्थ) पूर्ण रुपमा रोक लगाइने छ । बजार व्यवस्थापन सम्वन्धी विशेष कार्यक्रम सन्चालन गर्न जोड दिइनेछ । जनकपुरधाम उपमहानगरपालिका वडा नं. ६ स्थित पेठिया बजारलाई अति आधुनिक बनाउन पाँच तल्ले भवन निर्माण गरिने छ । बधशाला निमार्ण गर्ने सम्वन्धी विशेष कार्यक्रम सन्चालन गरिनेछ तथा बजार अनुगमनको कार्यक्रम सम्वन्धीत सरोकारवाला निकायसँग सहकार्य गरी अगाडी बढाईने छ ।

(३१) कोभिड-१९ महामारीको परिपेक्षमा महिला सशक्तिकरणका लागी उप-मेयरसँग महिला उधमी कार्यक्रम, सिप विकास जस्ता कार्यक्रमहरु ल्याई महिला रोजगार प्रवद्धन कार्यक्रममा जोड दिई गरिवी न्युनिकरण गरिने छ ।

(३२) जनकपुरधाम उप-महानगरपालिकाको धार्मिक धरोहर जानकी मन्दिर, राम मन्दिर आदि पूरातात्विक महत्व बोकका सांस्कृतिक धरोहरहरुको संरक्षण, संवर्धन र विकासका लागि विश्व सम्पदा सूचिमा समावेश गर्न यस अघि गरिएको पहललाई निरन्तरता दिईनेछ ।

(३३) मिथिला कला र संस्कृतिक संरक्षण र सम्वर्द्धनमा जोड दिईनेछ । मधेश मिथिला आर्ट एण्ड रिट्रिड सेन्टर (MMARC) जनकपुरधाम उप-महानगरपालिका वडा नं.४ मा निमार्ण गर्ने कार्य अघि बढाईनेछ र मिथिला कला तथा मैथिली भाषालाई प्राथमिक स्तरको पाठयक्रममा समावेश गर्ने आवश्यककार्य गरिने छ ।

(३४) जनकपुरधाम उपमहानगरपालिका स्थित रहेको नदीहरुलाई सिचाईका लागी प्रयोग गर्न आवश्यक भौतिक संरचना निमार्ण गरिने छ । साथै कृषकहरुको आय वृद्धीका लागी कृषी सामाग्री, मलखाध, बिउ-बिजनको आवश्यक व्यवस्था गरिने छ । साथै कृषकहरुको पेशागत सुनिश्चिताका लागी बाली बिमा र पशु बिमाको कार्य अघि बढाईने छ । कृषिकार्य सहजताका लागी विधुत नपुगेका ग्रामिण वडाहरुमा कृषि विधुतीकरणकार्य अघि बढाईने छ ।

(३५) जनकपुरधाम उप-महानगरपालिकामा स्थित नदीहरुको प्रयटकिय तथा वातावरणीय दृष्ट्रीकोणले सौन्दर्यकरण गरिने छ ।

(३६) जनकपुरधाम उप-महानगरपालिका भित्रका शिक्षा, स्वस्थय, पर्यटन र बजारको त्रुटी कम गर्न अनुगमनको काम तिव्रताकासाथ अगाडी बढाईनेछ । साथै माँग र आपुर्तिलाई मेल खाने गरी आवश्यक कदमहरु चालिने छ ।

(३७) जानकी नवमीलाई राष्ट्रिय महोत्सवको रुपमा मनाउने भनि यस अघि लिइएको नितिलाई निरन्तरता दिईने छ ।

(३८) प्रारारङ्गीक खेतीलाई प्रोत्साहीत गर्ने विशेष नीति तथा कार्यक्रम कार्यन्वयन गरिनेछ र खाद्यपदार्थमा विषाधी नियन्त्रणका लागी आवश्यक कदमहरु चालिने छ ।

## जनकपुरधाम उपमहानगरपालिकामा सुशासनको प्रवर्धन

(३९) विधिको शासन, मानव अधिकार संरक्षण, समानुपातिक समावेशी प्रतिनिधित्वलाई पूर्ण आत्मसात गरी संविधान तथा सम्वद्ध कानूनले सुनिश्चित गरेका स्थानीय तहको अधिकारहरुको अभ्यास गर्न तथा नगर सरकारबाट प्रवाह हुने सेवाहरु सुलभ र गुणस्तरीय बनाउन र लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्यको अनुभूति दिलाउन जनसहभागिता, उत्तरदायित्व र पारदर्शीता सुनिश्चित गर्दै लगिनेछ ।

(४०) गरिवीको रेखामुनी परेका पिडितहरुका लागी न्यायिक समितिद्वारा कानूनी सहायता सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ । महिला तथा बालबालिकामैत्री भवन न्यायीक समितिको उपयोगका लागी निमार्ण गर्न जोड दिइनेछ । मेलमिलप द्वारा विवाद निरुपणका लागी प्रत्येक वडामा वडा स्तरीय मेलमिलाप केन्द्र प्रदेश सरकार, संघ सरकारको सहयोगमा भौतिक पूर्वाधारहरु निमार्ण गरिनेछ ।

(४१) नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानिय सरकार सञ्चालन ऐन, २०७४ अनुसार जनकपुरधाम उपमहानगरपालिका सुदृढ गर्न तथा पारदर्शी र जनमुखी नेतृत्वको विकास गर्दै स्थानीय शासन प्रद्धतिलाई ब्यवस्थित गर्न स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्दै लगिनेछ । न्यायिक समितिमा सेवाग्राहीहरुका लागी आवश्यक कानूनी सहायताको विशेष व्यवस्था गरी समयमै न्याय दिन आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

(४२) जनकपुरधाम उपमहानगरपालिका को आम नागरिकहरुको प्रत्यक्ष सम्बन्ध रहेको पहिलो संस्थानै जनकपुरधाम उपमहानगरपालिका हो । सूचना प्रविधिमा आधारित शासन संचालनको माध्यमबाट स्थानीय सरकारबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यलाई गुणस्तरीयता एवं परिणाममुखी वनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी समावेशी र सहभागीतामुलक बनाउने कुरालाई आगामी आर्थिक वर्षको बजेटले उच्च प्राथमिकता दिएको छ ।

## सामाजिक तथा अन्तरसम्वन्धित क्षेत्रको विकास

(४३) यस जनकपुरधाम उपमहानगरपालिका को आगामी आर्थिक बर्ष २०७७/०७८ मा सामाजिक तथा अन्तरसम्वन्धित क्षेत्रको विकास तर्फ स्थानीय जनसहभागीता र सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको स-शक्तिकरण, महिला, दलित तथा अल्पसंख्यक समुदायको सामाजिक सुरक्षा, गरिबी न्यूनीकरणको लागि विशेष कार्यक्रमहरु, आधारभुत स्वास्थ्य सेवाको पहुँच विस्तारका लागी विशेष कार्यक्रमहरु समावेश गरिनेछ ।

(४४) नगरभित्र खेलकुदको विकास तथा प्रवर्धनका लागी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ । युवाहरुको समुचित तथा सम्मुन्नत विकासका लागी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(४५) नगरक्षेत्रभित्र रहेका सामुदायीक तथा निजी विद्यालयहरुमा खेलकुद प्रतियोगीता सम्वन्धी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(४६) यसै आर्थिक वर्षमा जनकपुरधाम उपमहानगरपालिका को सम्पूर्ण वडाहरुको वडा निर्माणाधिन वडा कार्यालयहरु निर्माण गरिनेछ तथा निर्माण भई सकेका वडा कार्यालयहरुको स्तर उन्नतीका गरी गुणस्तरीय सेवा सेवाग्राहिलाई प्रदान गरिनेछ ।

(४७) नगरक्षेत्र भित्र पार्किङ व्यवस्थित गर्न नगरपालिकाद्वारा पार्किङस्थल निमार्ण गर्नेछ तथा नगर क्षेत्र भित्र नक्सा पास गराउदा घरको तल्लो तल्ला (वेशमेन्ट) मा घर धनीले निजी पार्किङस्थल निमार्ण गरेमा घर नक्सा पास दस्तुर उल्लेखित वेशमेन्टमा लाग्ने करको ५०% छुट दिने भनी यस अघिको निति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(४८) नगरक्षेत्र भित्र स्वस्थ वातावरणका लागी शहिदको नाममा निकु बाल उद्दायाण तथा नगरक्षेत्र भित्रको सडकको पेटीमा वृक्षारोपणका कार्यक्रम सञ्चालन गरिनेछ । साथै वृक्षारोपण भएको बोटहरुलाई सुरक्षीत गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(४९) जनकपुरधाम उप-महानगरपालिका भित्र निर्माण भईसकेको सडक पेटीलाई व्यवस्थित गर्न र सडक पेटी प्रयोग गर्न पैदल यात्रुहरुलाई जेब्रा क्रसीङ गर्ने सम्वन्धी सरोकारवाला निकायहरुसँग सहकार्य गरी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(५०) सामाजिक स-सक्तिकरणका लागी समावेशीकरणको मुलमन्त्रमानी लैङ्गीक समानताका दृष्टिकोणले वालमैत्री स्थानीय शासन, महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला र अनाथ वालवालिकाको हेरचाहमा जोड दिइएको छ । बाल संरक्षण विकास सम्वन्धी विशेष कार्यक्रम सन्चालन गरिनेछ । शिशु/बाल मृत्युदर कम गर्ने नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ ।

(५१) महिलाहरुको आङ्ग खस्ने सुवास्थ्य समस्याका लागी घुम्ती शिवीर सञ्चालन गरिनेछ । जेष्ठ नगरिक तथा आँखाको समस्यामा परेका नागरिकहरुका लागी प्रत्येक वडामा घुम्ती सिविर सञ्चालन गरिनेछ । प्रजनन् स्वास्थ्य सम्वन्धी विशेष कार्यक्रमहरु हुदै आएकोमा यस वर्ष पनि निरन्तरता दिइनेछ ।

(५२) "सवैकालागी गुणस्तरीय शिक्षा" कार्यक्रम अन्तर्गत नगर क्षेत्रका सामुदायिक तथा निजी विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम राख्न निरन्तर नियमन गरिनेछ । महिला, दलित, अपाङ्ग, अल्पसंखयक तथा पिछडीएको समुदायको शिक्षामा पहुँचकोलागी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । उपमहानगरलाई पूर्ण साक्षर नगरमा रुपान्तरित गर्ने कार्यलाई तिव्र रुपले लागी पर्नेछ । विद्यालय भर्ना अभियान तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरु धनिभूत रुपमा सञ्चालन गरिने छ ।

(५३) जनकपुरधाम उपमहानगरपालिका भित्र सञ्चालन हुने कक्षाको परिक्षाका लागी भरिने रजिष्ट्रेसन फारमको फल्स रजिष्ट्रेसनमा पूर्ण प्रतिवन्ध लगाईने छ ।

(५४) नगरक्षेत्र भित्रका समुदायिक तथा संस्थागत विद्यालयहरुसँगको हाथेमालोमा कोभिड-१९को प्रभाव रहेसम्मका लागी विशेष शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(५५) सामुदायिक विद्यालयहरुमा छात्राहरुले भोग्नुपरेको असुविधालाई ध्यानमा राखी महिला शौचालय निमार्ण तथा प्याड बैंक स्थापनालाई अभियानको रुपमा यस अघि लिएको नितिलाई निरन्तरता दिई सञ्चालन गरिनेछ ।

(५६) शहीदहरुप्रति सम्माननार्थ शहीद पार्क निमार्ण गरिने छ । मधेश आन्दोलन तथा विभिन्न प्रजातान्त्रीक आन्दोलनमा ज्यान गुमाउने शहिद परिवार मध्ये आर्थिक रुपमा विपन्न परिवारलाई यस नगरको रोजगारीमा प्राथमिकता दिईनेछ तथा निज शहिदहरुको बालबालिकाहरुको लागी आवश्यक छात्रवृती समेत प्रदान गरिनेछ ।

(५७) सार्वजनिक क्षेत्र तथा कार्यालयहरु एवं व्यवसायिक प्रतिष्ठानहरुमा केसरिया रंङ्ग प्रयोग गर्न वातावरण श्रृजना गरिने भनी यस अघिको नितिलाई निरन्तरता दिइनेछ ।

(५८) नगरपालिका परिसरलाई व्यवस्थित एवं सौन्दर्यीकरण गर्ने कामलाई प्राथमिकता दिइनेछ । तथा नगरपालिकाको कार्यालयसँग जोडिएको दिर्घिका सागरको सौन्दर्यकरणको कामलाई निरन्तरता दिईनेछ ।

(५९) नगरपालिकाको नवनिर्मित भवन भित्र यसै आर्थिक वर्षमा कार्यालय व्यवस्थित गरिनेछ र सो व्यवस्थाका लागी आवश्यक बजेट विनीयोजन गरिनेछ ।

(६०) नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउने कामलाई प्राथमिकता दिइनेछ ।

(६१) जनकपुरधाम उप-महानगरपालिकाको वस्तुगत विवरण सहीतको नगर प्रोफाइल बनाउने कामको लागी यस अघिको नितीलाई यस आर्थिक वर्ष भित्र सम्पादन गरिनेछ ।

(६२) प्रारम्भीक वाल विकास केन्द्र अवधारणालाई आत्मसात गर्दै नमुनाको रुपमा केही सामुदायिक विद्यालयहरुमा यसै आर्थिक वर्ष देखि प्रारम्भीक वाल विकास केन्द्र सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

## फोहरमैला संकलन व्यवस्थापन तथा वातावरण संरक्षण

(६३) नगरक्षेत्र भित्रको फोहरलाई व्यवस्थापन गर्न निजी क्षेत्रसँग सहकार्य गरी यसै आर्थिक वर्षबाट फोहर व्यवस्थापन सम्वन्धी कार्यलाई अगाडी बढाईने छ ।

(६४) नगरलाई हरित सहर बनाउने अन्तर्गत सडक पेटीमा वृक्षा रोपनको कार्यक्रम सञ्चालन गरिनेछ । नगर क्षेत्र भित्रको बाटोको लगत अनुमान गर्दा वृक्षारोपण समेतलाई मध्य नजर गरी अव उपरान्त यस नगरपालिकाले लगत अनुमानमा समावेस गर्नेछ । नगरको सार्वजनीक स्थलहरुमा वृक्षारोपनको कार्यक्रमहरु सञ्चालन गरिनेछ । नगरको ग्रामिण वडाहरुमा वृक्षारोपनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । “उपमहानगर स्वच्छता अभियान” अन्तर्गत प्लाष्टिक जन्य वस्तुहरुको प्रयोगलाई निषेध गरी माटोका भाडा, कागज र कपडाको झोला तयारीमा अनुदान दिने भनी यस अघिको नितिलाई निरन्तरता दिइने छ ।

(६५) नगरभित्रका मुल सडक तथा सहायक सडकहरु समेतमा फोहर संकलन व्यवस्थित गर्न साना सरसफाई सवारी साधनहरु समेतको प्रयोग गरिनेछ ।

## नगरका सौन्र्दयिकरणका लागी पूर्वाधार विकास

(६६) व्यवस्थित एवं दिगो शहरी पूर्वाधार, व्यवस्थित शहरी नाला निमार्ण, पोखरी सोर्न्दयीकरणका कार्यक्रमहरुलाई निरन्तर सञ्चालन गरिनेछ । जनकपुरधाम उपमहानगरपालिकाको दिगो शहरी विकास र शहरलाई व्यवस्थित गर्न जग्गा एकिकरण माध्यमबाट आधुनिक स्मार्ट सहरको निर्माण गर्न अवधारणालाई कार्यनवयन गर्न र सो स्मार्ट सहरका लागी उपयुक्त स्थान छनौट गर्ने र साथै सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।

(६७) नगर भित्रका ऐतिहासिक धार्मिक मठमन्दिर व्यवस्थापन तथा धार्मिक सरोवरहरुको सौन्दर्यीकरण तथा संरक्षणमा विशेष ध्यान दिइनेछ ।

(६८) नगर सुरक्षालाई ध्यान दिदै सडक बत्ती, सि.सि. क्यामरा, ट्राफिक संकेत तथा ट्राफिक बिट व्यवस्थापन गर्ने नीति लिईनेछ र सो सम्वन्धी कार्यक्रमहरु प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायसँग सहकार्य गरी सञ्चालन गरिनेछ ।

(६९) नगर भित्र विधुतिय नगर बस, मोवाईल ट्वाईलेट, सरसफाई सम्वन्धी विशेष उपकरणहरुको व्यवस्थाको लागी विशेष ग्राह्यतासाथ कार्यक्रमहरु सञ्चालन गरिनेछ । सरसफाई सम्वन्धी बजार अनुगमनका लागी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(७०) वर्तमान जनकपुरधाम उप-महानगरपालिकाको जनघनत्व एवं क्षेत्रफल अत्यन्तै विस्तार भईसकेको वर्तमान परिपेक्ष्यमा नगरको व्यवस्थित तथा संतुलित विकासलाई दृष्टिगत गर्दै वाहय चक्रपथ निर्माणको संभाव्यता अध्ययन भईरहेकोले विस्तृत अध्यन प्रतिवेदन तयार गरी निमार्ण कार्यलाई यस अघि लिएको नितिलाई प्राथमिकता दिईने छ ।

(७१) जनकपुरधाम उप-महानगरपालिका प्रवेश गर्ने उत्तर तिर भव्य शहिद प्रवेश द्वार विस्तृत अध्यन प्रतिवेदन तयार भई, सम्झौता समेत भईसकेको हुँदा निर्माण यसै वर्ष सम्पन्न गरिनेछ ।

(७२) जनकपुरधाम क्षेत्रको मुल सड्कहरुसँग जोडने गरी वडाहरुवाट सहायक सडकहरु (Linked Road) बनाउने नीति लिइनेछ ।

(७३) जनकपुरधाम उप-महानगरपालिका वडा नं.५ लाई नमुना वार्डको रुपमा विकास गर्ने भनी यस अघि लिएको नितिलाई यस आर्थिक वर्ष देखी विशेष जोड दिई कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(७४) जनकपुरधाम उपमहानगरपालिकाभित्र नयाँ उद्योग स्थापना गर्ने उधमीलाई घर नक्सा दस्तुर तथा नगरले लिने अन्य कर पहिलो वर्षका लागी छुट दिइनेछ । उद्योग व्यवसाय क्षेत्रको प्रवद्धनको उद्धेश्यले नयाँ व्यवसायिक प्रतिष्ठान हरुको स्थापनालाई प्रोत्साहित गर्ने उप-महानगरपालिका विशेष सुविधा प्रदान गरिनेछ ।

## <u>अन्य कार्यक्रमहरु</u>

(७४) जनकपुरधाम उपमहानगरपालिका को नगर सरसफाईको लागी विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ । लामखुट्टे नियन्त्रणकोलागी विशेष कार्यक्रम संचालन गरिने छ ।

(७५) कोभिड-१९ संक्रमणलाई न्युनिकरण गर्न आवश्यक सरसफाईका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(७६) पत्रकारहरुको पेशागत सम्मानहेतु यसै आर्थिक वर्षमा सहिद पत्रकार उमा सिंह पत्रकारीता कोष (अक्षय कोष) स्थापना गरिनेछ ।

(७७) जनकपुरधाम उपमहानगरपालिका क्षेत्र भित्र पदिय मर्यादा कायम राखी उत्कृष्ट पत्रकारिता गर्ने पत्रकारलाई सम्मान गर्न एउटा छुट्टै कोष स्थापना गरिने छ ।

(७८) जनकपुरधाम उप-महानगरपालिकाका अधिकांश नागरिकहरु कृषिमा आधारित रहेको तथ्य आत्मसात् गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा विकासलाई प्राथमिकता प्रदान गरिनेछ । प्रत्येक कृषकलाई नगरको सहयोगमा वृक्षारोपन सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

(७९) नगर क्षेत्रमा शिक्षा एवं स्वास्थ्य जस्ता सामाजिक पुर्वाधारको विकास तथा स्तरीयता प्रदान गर्न विभिन्न कार्यक्रम संचालित गरिनेछ ।

(८०) उप-महानगरपालिका क्षेत्रभित्रका पहिले बनेका घरहरुको नक्सापास हुने र ठुला आधुनिक भवनहरु जस्तै ठुला मल, सपिंग कम्पलेक्स तथा तारे होटलहरु वनाउन सकिने गरी

विद्यमान भवन नक्सापास मापदण्डलाई परिष्कृत गरिने भनी यस अघिको नितीलाई निरन्तरता दिइनेछ ।

(८१) एकिकृत शहरी विकास रणनीति अन्तर्गत Land Use Planning गरी आवास क्षेत्र, कृषि क्षत्रे, औद्योगिक क्षेत्र एवं आधुनिक कमर्सियल भवनहरुको क्षेत्र वर्गीकरण गरिने छ । नगरक्षेत्र भित्र सुकुम्वासी समस्या सामाधान गर्न आवश्यक पहल गरिने छ ।

(८२) अहिले कोभिड-१९ संक्रमण न्युनिकरण हेतु जनकपुरधाम उपमहानगरपालिका को नागरिकहरुलाई अत्यावश्यक सेवा २४ सै घण्टा उपलब्ध गराउने गरि टोल फ्रि नंवर र हटलाईन टेलिफोन सहितको सेवा कक्ष स्थापना गरिने छ ।

(८३) अहोरात्र सेवा प्रदान गर्ने किसिमको सुविधा सम्पन्न नगर सुरक्षा प्रहरी तालिम समेत गरी संस्थागत रुपमा व्यवस्थित गरिनेछ ।

(८४) जनकपुरधाम उपमहानगरपालिकाले विधुतिय सञ्चार मार्फत सेवा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु साथै जनकपुरधाम उपमहानगरपालिका क्षेत्र भित्र Free Wifi सेवा प्रदान गर्न आवश्यक गृहकार्य यसै सालबाट सञ्चालन गरिनेछ ।

(८५) लागुपदार्थको दुरव्यसनी बढदै गईरहेकोले लागु पदार्थको प्रयोगलाई कम गर्न सार्वजनिक स्थलहरुमा सरोकारवालाहरुसँग सहकार्य गरी सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## स्रोत व्यवस्थापन

(८६) आन्तरिक राजस्वको दायरा र आधारलाई फराकिलो बनाउदै जाने निति लिईनेछ । राजस्वको स्रोत बढाउन सघन कार्यक्रमहरु सञ्चालन गरिने भनी यस अघिको नितिलाई निरन्तरता दिईनेछ ।

(८७) कोरोना भाईरस कोभिड-१९ को महामारीको कारणले पर्न गएको आर्थिक क्षतिलाई मध्येनजर गरी २०७६ चैत्र देखि २०७७ जेष्ठ सम्म ३ महिनाको बहाल कर छुट गरिनेछ तथा व्यवसाय कर तर्फको जरिवाना मिनाहा गरिनेछ ।

(८८) दिगो र भरपर्दो आयका श्रोतहरुबाट राजस्व संकलन तथा समुचित परिचालनबाट मात्र समृद्ध उपमहानगरपालिका निर्माणमा टेवा पुग्ने भएकोले उपमहानगरपालिका क्षेत्रको करको दायरामा नपरेका व्यक्ति, संघ, संस्था, व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

(८९) हालको कर प्रणाली सुधार गर्न कम्प्युटर प्रणालीमा लगिनेछ । साथै करदाता शिक्षा कार्यक्रमलाई प्राथमिकता दिइनेछ । कर प्रणाली प्रविधि मैत्री सञ्चार प्रणालकिो विकास गरिनेछ ।

(९०) लक्ष्यमा आधारित उत्प्रेरणा एवं राजस्व अभिवृद्धि प्रोत्साहन मापदण्ड लागु गरिनेछ ।

(९१) राजस्व असुलीमा आग्रता कायम गर्ने वार्ड वा वार्डहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ । घरबहाल करको असुली सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । सो कार्यका लागी सरोकारवाला निकायसँग आवश्यक छलफल गरिनेछ ।

(९२) ठूला प्रकृतिका आयोजनाहरुमा लागत साझेदारीको अवधारणालाई अवलम्वन गरी निजी क्षेत्र एवं संघीय सरकारको स्रोतको उपयोग गर्नेगरी आयोजनाहरुको सम्भाव्यता अध्ययन

गराई प्रोजेक्ट बैंक स्थापना गरिनेछ । जसमा निजी क्षेत्रको लगानी र संघीय सरकारको समपूरक अनुदान आकर्षित गरिनेछ ।

(९३) वैदेशिक सहायताका ठुला आयोजनाहरु यस नगर क्षेत्रमा सञ्चालन गर्न संघीय सरकारसँग सहकार्य गरिने भनी यस अघिको नितिलाई निरन्तरता दिईनेछ ।

## आदरणिय सभासदज्यूहरु,

(९४)तर्जुमा गरिएका कार्यक्रमहरुको दक्ष एवं कुशल कार्यान्वयनले मात्रै आम नागरिकमा प्रभावकारी प्रतिफल दिन सक्छ । विश्व अहिलेको अवस्थामा कोभिड-१९ को संक्रमण भोगिरहेकोले यस विपद् घडीमा उपमहानगरले तर्जुमा गरेका कार्यक्रमहरुको सफल कार्यान्वयनमा यहाँहरु सबैको सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अत: यस अवस्थामा जनकपुरधाम उप-महानगरपालिकाको विकासमा प्रभावकारी भुमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय, अन्तरष्ट्रिय संघ-संस्थाहरु, विभिन्न सहयोगी मित्र राष्ट्रहरु, गैर सरकारी संस्था तथा सहकारी संघ-संस्थाहरु, टोल विकास संस्थाहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै सभाबाट अनुरोध समेत गर्न चाहन्छु ।

(९५)सडकहरु विस्तारमा नागरिकहरुका परेका जग्गा तथा क्षति भएका भौतिक संरचनाको अविलम्व प्राविधिक खटाई लगत तयार गर्न लगाइनेछ र उक्त क्षतिको क्षतिपुर्तिका लागी नेपाल सरकारसँग सिफरिससहित अनुरोध गरिनेछ । साथै उप-महानगरपालिकाको तर्फबाट नागरिकहरुको उक्त योगदानको कदर गर्दै सम्मान समारोह आयोजना गरि कदरपत्र प्रदान गरिनेछ ।

(९६) प्रस्तुत नीति तथा कार्यक्रमको पुर्ण विवरण, आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्य र आय तथा व्ययको विस्तारित विवरणसहितको दस्तावेजहरु यथाशिघ्र यहाँहरु समक्ष उपलब्ध गराउने बाचा गर्दछु । साथै उल्लेखित सबै दस्तावेजहरु यस उप-महानगरपालिकाको वेब साईटमा अपलोड गरिने व्यहोरा समेत निवेदन गर्दछु । उक्त सबै दस्तावेजहरु सरकारका सबै निकायहरु विकासको क्षेत्रमा क्रियाशील सवै संस्थाहरु तथा सबै विकासका साझेदारहरुकालागी उपयोगी रहेनछ भन्ने विश्वास हामीले लिएका छौं । यस नीति तथा कार्यक्रम सभाको बन्द सत्रमा पेश भई छलफल पश्चात पारित हुने विश्वास लिएको छु ।

## अन्तमा,

(९७)जनकपुरधाम उपमहानगर नेपालको सम्बृद्ध महानगर बन्ने सम्भावना भएको नगर हो । जुनसुकै राजनीतिक आस्थाले प्रेरित भए पनि जनकपुरधामको विकास र समृद्धिको हकमा यो नगरसभामा कोही पक्ष र प्रतिपक्ष छैन । आज यो नगर सभामा साझा संकल्प गरौं, जनकपुरधामलाई हामी देशकै नमुना र अरुका लागी उदाहरणीय मिथिल सांस्कृती शहर तथा प्रदेश नं.२ को राजधानी बनाई छाडने छौ । यस उपमहानगरपालिकाको बिकास तथा उत्थानशिल क्षमता अभिवृद्धि कार्यक्रममा सहकार्य तथा सहयोग गरिरहेका DFID SUDRIDH-NURP लाई धन्यवाद दिन चाहन्छु । साथै प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण कार्यपालिका सदस्य ज्युहरु, नगर सभासदस्यज्युहरु, बुद्धिजीवीहरु, राजनीतिज्ञ ज्युहरु, पत्रकार वन्धुहरु,

उद्योगी व्यवसायीहरु, किसान, मजदूर तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीवहिनीहरु एवं नगर सेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद, जयमधेश ।**